**नेपाल राष्ट्र बैंक**
**वित्त व्यवस्थापन विभाग**
वालुवाटार, काठमाडौं

## नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको शेयर बिक्री गर्ने बारेको सूचना

आवेदन पेश गर्ने शुरु मिति : २०७६/०३/३१
आवेदन पेश गर्ने अन्तिम मिति : २०७६/०५/०२

नेपाल राष्ट्र बैंकको लगानी रहेको नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको प्रति शेयर रु.१००।- अंकित दरको जम्मा १७,२९,९८९।५० कित्ता शेयर यस बैंकले लिलाम बढाबढको माध्यमद्वारा बिक्री गर्ने भएको हुँदा उक्त शेयरहरु खरिद गर्न इच्छुक **बैंक, वित्तीय संस्था, धितोपत्र व्यवसायी तथा सूचिकृत संगठित संस्था**हरुले **मिति २०७६ भाद्र २** गते भित्र **नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दररेटमा खरिद गर्न कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

शर्तहरु :

१. शेयर खरिदकर्ता बैंक, वित्तीय संस्था, धितोपत्र व्यवसायी तथा सूचिकृत संगठित संस्था हुनु पर्नेछ ।
२. आवेदन फाराम यस बैंकको बैंकिङ कार्यालय, बालुवाटारमा **ना.नो.आ.ही.फुटकर आम्दानी शीर्षक (११०००००/०३०-०१२-५२४)** मा रु.५००।- (फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी यस बैंकको वित्त व्यवस्थापन विभागबाट प्राप्त गर्न सकिने छ ।
३. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दररेट अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको रकम फरक भएमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गर्नु पर्नेछ ।
४. शेयर खरिदको लागि आवेदन गर्दा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको कुल शेयर पूँजीको कम्तिमा पाँच प्रतिशत र बढीमा दश प्रतिशतसम्म हुने गरी प्रस्ताव पेश गर्नुपर्नेछ । शेयर दशमलवमा (खण्डित रुपमा) आउने गरी आवेदन गर्न पाइने छैन । एक प्रस्तावकले एकभन्दा बढी बोलपत्र पेश गरेको अवस्थामा पहिलो प्रस्तावलाई मान्यता दिइनेछ ।
५. शेयरको न्यूनतम मूल्य प्रतिशेयर रु.१,०३२।- (अक्षरेपी एक हजार बत्तीस मात्र) तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन दिनु पर्नेछ ।
६. शिलबन्दी खाम बाहिर **"नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको शेयर खरिद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ ।
७. खरिदकर्ताले आफूले खरिद गर्न चाहेको शेयरको प्रस्तावित कुल मुल्यको ५ देखि १० प्रतिशत सम्मको रकम Earnest Money बापत यस बैंकको बैंकिङ कार्यालय, बालुवाटार, काठमाडौंमा रहेको **स.क्रे.हि.खाता नं.११०९९०१/०११-००६-५२४** मा जम्मा गरी सोको भौचर संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ ।
८. शेयर खरिदको लागि छनौट हुने आवेदकले प्रस्तावित कुल रकम मध्ये Earnest Money बापत जम्मा गरेको रकम घटाई बाँकी रकम छनौटको सूचना प्रकाशित भएको मितिले सात दिन भित्र यस बैंकको बैंकिङ कार्यालय, बालुवाटार, काठमाडौंमा रहेको **स.क्रे.हि.खाता नं.११०९९०१/०११-००६-५२४** मा जम्मा गरी सोको भौचर वित्त व्यवस्थापन विभागमा पेश गर्नु पर्नेछ । साथै, शेयर नामसारी गर्दा खरीदकर्ताको तर्फबाट भुक्तानी गर्नुपर्ने शुल्क समेत स्वयं खरिदकर्ताले भुक्तानी गर्नु पर्नेछ ।
९. सबैभन्दा बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई बिक्री गरिनेछ । बोलकबोल शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ ।
१०. ईच्छुक लगानीकर्ताहरुले आवेदनमा बैंक खाता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

११. आवेदक बैंक, वित्तीय संस्था, धितोपत्र व्यवसायी तथा सूचिकृत संगठित संस्थाले त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि र आवेदक संगठित संस्थाका सञ्चालक तथा प्रमुखको व्यावसायिक प्रोफाइल समेत पेश गर्नु पर्नेछ ।

१२. खरिदकर्ता प्रचलित कानुन बमोजिम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको शेयर खरिद गर्न योग्य भएको हुनु पर्नेछ ।

१३. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन ।

१४. आवेदन मिति २०७६/०५/०२ गते दिउसो ४:०० बजे भित्र नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौंमा दर्ता भईसक्नु पर्नेछ ।

१५. प्राप्त आवेदनहरु मिति २०७६/०५/०४ गते विहान ११:०० बजे नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौंमा खोलिने छ । उक्त दिन बिदा परेमा भोलीपल्ट वा कार्यालय खुलेको दिनको विहान ११:०० बजे खोलिनेछ ।

१६. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको मिति पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट घोषणा हुने बोनश शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरुले प्राप्त गर्नेछन् ।

१७. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१८. शेयर खरिद बिक्रीको अन्य प्रक्रिया प्रचलित कानूनको अधिनमा रही सम्पन्न गरिने छ ।

१९. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार काठमाडौंको फोन नं.०१-४४१९८०७, ४४१०२०१, ४४४३८८५ एक्सटेन्सन नं.२५४ (वासलात फाँट) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

कार्यकारी निर्देशक